**अनुसूची-२**

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-८, संख्या-१६, मिति - २०८१/०९/२९**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँ कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## पशु अहारा खरिदमा अनुदान सहयोग कार्यक्रम कार्यविधि-२०८१

**प्रस्तावनाः**

मोदी गाउँपालिका अन्तर्गत डेरी व्यवसायमा दिगोपन कायम गर्न भूमिका खेल्न, गुणस्तरीय दूध उत्पादन, प्रशोधन र बजारीकरणको समूचित व्यवस्थाको आवश्यकतालाई महसुस गरी **पशु अहारा खरिदमा अनुदान सहयोग कार्यक्रम** मार्फत दूध उत्पादन व्यवसायमा पशु अहारा खरिद तथा व्यवस्थापनमा लाग्ने लागतलाई अनुदानको माध्यमबाट घटाउने उद्देश्यका साथ कृषकलाई डेरी व्यवसायमा प्रोत्साहन गर्न, कृषकको जीवनस्तरमा गुणात्मक अभिबृद्धि गर्न, सर्वसाधारणका लागि स्वच्छ तथा गुणस्तरीय डेरी पदार्थको उपलब्धतामा वृद्धि गर्न यो कार्यविधि गाउँ कार्यपालिकाबाट जारी गरिएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

क. यस कार्यविधिको नाम **"पशु अहारा खरिदमा अनुदान सहयोग कार्यक्रम कार्यविधि, २०८१"** रहेको छ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

ग. यो कार्यविधि मोदी गाउँपालिका भर लागु हुने छ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क. "गाउँपालिका" भन्नाले मोदी गाउँपालिका सम्झनुपर्छ ।

ख. "कार्यपालिका" भन्नाले मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय लाई सम्झनुपर्छ।

ग. " अध्यक्ष" भन्नाले मोदी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

घ. "उपाध्यक्ष" भन्नाले मोदी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

ङ. "प्रशासकीय प्रमुख" भन्नाले मोदी गाउँपालिपकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

च. "कार्यालय" भन्नाले मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय लाई सम्झनुपर्छ ।

छ. सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि तथा पशुपन्छी सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनुपर्छ ।

३. **उद्देश्य**

क. पशुजन्य उत्पादनमा उपलब्ध गराइने अनुदान कार्यक्रमको कार्यन्वयन प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त बनाउन ।

ख. डेरी व्यावसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउन ।

ग. साना कृषकहरूबाट उत्पादित दूधलाई समेत बजारमा प्रबाह गर्न ।

घ. लाभग्राहीहरूको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउन ।

४. **कार्यक्रम सञ्चालन प्रक्रिया**

१. दुग्ध उत्पादक तथा वितरक सहकारी संस्थालाई लक्षित गरी नियमानुसारको म्याद तोकी उपयुक्त संचार माध्यमबाट **अनुसूची-१ बमोजिमको** ढाँचामा कार्यालयले सूचना प्रकाशन गर्ने छ ।

२. **सूचनामा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालनका लगि उपयुक्त र इच्छुक प्रस्तावकहरूले सम्बन्धित वडाको सिफारिस सहित अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालयमा आवेदन र अनुसूची-३ समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पेश गर्नु पर्नेछ ।**

३. सहकारीबाट प्राप्त आवेदनहरूको प्रारम्भिक छनौट तथा स्वीकृती दफा- **५** बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले गर्ने छ ।

४. कार्यक्रम सञ्चालनको लागि छनौट भएका सहकारी संस्थासँग कार्यालयले अनुसूची-४ बमोजिमको सम्झौता गर्नेछ ।

५. कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक/ दूध व्यवसायीले सहकारीमा निवेदन पेश गरी कारोबार गरेको हुनुपर्नेछ ।

६. कृषकबाट सहकारीमा बिक्री हुन आउने दूधको परिमाण र कारोबर रकमको मासिक अभिलेख राख्नु पर्नेछ । व्यवस्थित एवम् पारदर्शी अभिलेखको आधारमा कृषकले **दूध बिक्री गरेको कुल परिमाणको आधारमा प्रति लिटर रु. ५ को दरले** अनुदान उपलब्ध गराई पशु आहारा खरिदमा सहयोग गरिनेछ ।

७. **कृषकहरूले सहकारीमा दूध बिक्रि गरे बापत हुन आउने अनुदान रकम बराबरको पशु अहारा खरिद गरी सहकारीले कृषकहरूलाई उपलब्ध गराउनुपर्नेछ ।**

८. सहकारीले प्रत्येक कृषकबाट दूध संकलन गरेको करोबारको विवरण, पशु आहारा खरिदको बिल बिजक र कृषकहरूलाई वितरण गरेको पशु आहराको पूर्ण भरपाई विवरण कार्यालयमा पेश गर्नु पर्नेछ ।

९. छनौट भएका सहकारीहरूलाई दूध करोबार बापतको अनुदान रकम कार्यालयले सहकारीको बैङ्क खातामा अर्धवार्षिक वा वार्षिक रूपमा उपलब्ध गराउन सक्नेछ ।

**५. अनुदान मूल्याङ्कन समितिको व्यवस्थाः**

**१. पशु अहारा खरिदमा अनुदान सहयोग कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको अनुदान** मूल्याङ्कन समिति रहने छ ।

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ख. | गाउँपालिकाको आर्थिक विकास समितिका प्रतिनिधि | सदस्य |
| ग. | गाउँपालिकाको कृषि शाखा प्रमुख | सदस्य |
| घ. | गाउँपालिकाको पशु सेवा शाखाका कार्यक्रम हेर्ने फोकल पर्सन | सदस्य |
| ङ. | गाउँपालिकाको पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

**२. अनुदान मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार**

क. सहकारीहरूबाट प्राप्त आवेदनहरूको मूल्याङ्कन गर्ने ।

ख. सहकारी र कृषकहरूबीच आवश्यक सहजीकरण गर्ने ।

ग. कार्यक्रम गर्न र गराउनमा आवश्यक सहजीकरण गर्ने ।

घ. कार्यक्रमको अनुगमन तथा मूल्याङकन गर्ने ।

**६. आवेदक सहकारी संस्थाको मापदण्ड**

१. सहकारी संस्थाले संस्थागत रुपमा दूध विक्री गरेको हुनुपर्नेछ । संस्थागत रुपमा दूध विक्री नगर्ने भए दूधलाई पाश्चराईज तथा सिलबन्दी प्याकेजिङ्ग गरी विक्री गरेको हुनुपर्नेछ ।

२. दैनिक कम्तिमा २०० लिटर र वार्षिक कम्तिमा २०० दिन दूधको कारोबार गर्ने गरेको हुनुपर्नेछ ।

३. सम्बन्धित निकायमा दर्ता भएको र नवीकरण गर्नु परेकोमा नवीकरण गरेको हुनुपर्नेछ ।

४. नियमित रुपमा वार्षिक साधारण साभा र लेखा परिक्षण गर्ने गरेको हुनुपर्नेछ ।

५. स्थायी लेखा नम्बर प्राप्त गरेको र कर चुक्ता गरेको हुनुपर्नेछ ।

६. सहकारीले अघिल्लो आर्थिक वर्षमा दूधको कारोबार गरेको अभिलेख पेश गर्नुपर्नेछ ।

**७. अनुगमन, मूल्याङकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः**

**१. यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यालयले आवश्यकता अनुसार गर्नेछ ।**

२. कार्यक्रमका सञ्चालक सहकारीले सम्झौता अनुसारको कार्य सम्पन्न नगरे वा अनुदानको दुरुपयोग गरेको पाइएमा प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी रकम असुल उपर गरिनेछ ।

**८. थपघट वा हेरफेर गर्न सकिनेः**

१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार व्याख्य गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति

..........................

विषयः **पशु अहारा खरिदमा अनुदान सहयोग कार्यक्रम सहभागी हुन ईच्छुक सहकारी संस्थाहरूका लागि प्रस्ताव आब्हानको सूचना ।**

मोदी गाउँपालिका पशु सेवा शाखाको आ.व. ...................... को स्वीकृत वार्षिक कार्यक्रम **पशु अहारा खरिदमा अनुदान सहयोग कार्यक्रम** अनुसार ईच्छुक दूध उत्पादक तथा वितरक सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले ......... दिन भित्र कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| सि.नं. | कार्यक्रमको नाम | बजेट | संख्या | कार्यक्रमको मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरूः

१. अनुसूची-२ बमोजिम रु. १० को टिकट सहितको आवेदन, अनुसूची-३ बमोजिमको स्वघोषणा पत्र ।
२. सम्बन्धित वडाको सिफारिस पत्र ।
३. सहकारी सञ्चालक आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
४. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था दर्ता तथा नवीकरण र स्थायी लेखा नं./ भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. सहकारीको कार्य समितिको निर्णयको प्रतिलिपि ।
६. अघिल्लो आ.व को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
७. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि वा जग्गा करार/लिजमा लिएको हकमा करारनामा वा सम्झौता पत्र ।

अनुसूची-२
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**प्रस्ताव आवेदन**

मितिः

श्री ........................
......................................

विषयः प्रस्ताव पेश गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको पशु सेवा शाखाको मिति .................................. मा प्रकाशित सूचना बमोजिम म निवेदक ..........................................ले **पशु अहारा खरिदमा अनुदान सहयोग** कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक प्रक्रिया बढाईदिन यो निवेदन पेश गरेको छु ।

निवेदकः
नामः
दस्तखतः
मितिः
पान नं.
प्रस्तावित कार्यक्रमको नाम
कार्यक्रम संचालन हुने स्थानको पुरा ठेगानाः

| छाप/हस्ताक्षर |
|---|

अनुसूची-३

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

मोदी गाउँपालिका पशु सेवा शाखाको मिति ........................ मा प्रकाशित सूचना अनुसार मोदी गाउँपालिका .... नं. वडा ............................... गाउँ/टोल स्थायी ठेगाना भएको श्री ............................................................ ले "**पशु अहारा खरिदमा अनुदान सहयोग कार्यक्रम**" सञ्चालनका लागि पेश गरेको व्यवसाय योजना सँग मेल खाने कार्यका लागि विगत २ वर्ष भित्र संघीय सरकार वा प्रदेश सरकारको मातहतका मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र तथा स्थानीय तहबाट अनुदान नलिएको स्वघोषण गर्दछु। अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगाएत नियमानुसारको अन्य सजाय भोग्न समेत तयार छु ।

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदकको:

नामः

दस्तखतः

मितिः

संस्थाको छापः

## अनुसूची-४

## सम्झौता-पत्र

श्री मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पातिचौर पर्वत (यस पछि पहिलो पक्ष) मानिने पर्वत जिल्ला मोदी गाउँपालिका वडा नं............................................. संचालित ............(सहकारी संस्थाको नाम)........................ (यस पछि दोस्रो पक्ष मानिने) बीच आ.व. ................................ को स्वीकृत **पशु आहारामा अनुदान सहयोग कार्यक्रम** संचालन गर्न तपशिल बमोजिमका शर्तहरूको अधिनमा रहि यो सम्झौता पत्रमा हस्ताक्षर गरि लियौ दियौ ।

**तपशिलः**

१. यो सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. दोस्रो पक्षले मिति ........................... गते देखि ............................ सम्मको रेर्कड उपलब्ध गराउनेछ र सोही आधारमा पहिलो पक्षले भुक्तानी गर्नेछ ।

३. दोस्रो पक्षले त्यस सहकारीमा दूध संकलन गरिएको प्रत्येक कृषकहरूको दैनिक रेर्कड सहितको सहकारीको विवरण अर्धवार्षिक रेर्कड उपलब्ध गराउने छ । सो रेर्कडका आधारमा प्रति लिटर रु.५ (अक्षरुपि पाँच) का दरले पहिलो पक्षले दोस्रो पक्षलाई अनुदान उपलब्ध गराउने छ र **कृषकहरूले सहकारीमा दूध बिक्रि गरे बापत हुन आउने अनुदान रकम बराबरको पशु अहारा खरिद गरी सहकारीले कृषकहरूलाई उपलब्ध गराउनु पर्नेछ ।**

४. अनुदान रकमको भुक्तानी प्रथम पक्षबाट खटाईएको कर्मचारीले द्बितिय पक्षको कामको अनुगमन तथा प्रमाणिकरण गरेपछि मात्र निकासी गरिनेछ ।

५. अनुदानग्राही कृषक र दोस्रो पक्ष कुनै विवाद भएमा दुवै पक्षले असल नियतका साथ आपसी समझदारीबाट विवाद समाधान गर्नु पर्नेछ । तर यसरी प्रयास गर्दा विवाद समाधन हुन नसकेको खण्डमा प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

६. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमतिमा हुनेछ ।

७. प्रथम पक्षले कुनैपनि समयमा संचालित कार्यको अनुगमन/निरीक्षण गरि सम्झौता मुताविक कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

८. प्रथम पक्षले सम्झौता मुताविकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखिएमा एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकि सरह असुल उपर गरिनेछ ।

९. अनुदानग्राहीले अनुदान प्राप्त गरिसकेपछि व्यवसायिक निरन्तरताको प्रत्याभुति प्रथम पक्षलाई गराउनु पर्नेछ ।

१०. यस सम्झौतामा उल्लेखित भएका सर्तहरू यसै बमोजिम र यसमा उल्लेखित नभएका नियमहरू प्रचलित कानुन बमोजिम लागु हुनेछ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| हस्ताक्षरः<br><br><br>नामः<br>पदः<br>कार्यालयको छाप<br>मितिः | हस्ताक्षरः<br><br><br>संस्थाको नामः<br>पदः<br>संस्थाको छाप<br>मितिः |

**आज्ञाले,**
**बाबुराम पुरी**
**प्रमुख प्रशासकीय अधिकृत**